**नेपाली / *NEPALI***

विषय: Chauvin को कानुनी सोधपुछ सक्किने क्रममा, हामी कसरी अगाडि बढ्न सक्दछौं ?

तपाईंहरू जस्तै मैले पनि George Floyd को हत्यामा भूतपूर्व पुलिस अधिकारी Derek Chauvin को कानुनी सोधपुछ हेर्दैछु र निर्णायक मण्डलीको निर्णयको लागि पर्खिरहेको छु। फैसला जस्तोसुकै भएपनि बेग्लै वर्णको समुदायहरू विरूद्धको असमान बल र पुलिस प्रयोगलाई बदल्न जनताद्वारा निर्वाचित नेताहरू, पुलिसको कार्यमा सामेलहरू र कार्यकर्ता नागरिकहरूको सहकार्य आवश्यक छ। हाम्रो आपराधिक न्याय प्रणालीमा जातीय असमानता समाप्त हुनुपर्दछ - र यी असमानता सडकमा पुलिस कारवाही भन्दा गहिरो छन्।

हाम्रा कालो, आदिवासी र बेग्लै वर्णका विद्यार्थी, कर्मचारी र संकायहरू, मैले बुझेको छु कि Mr. Floyd को हत्याको असहनीय विवरण फेरि भोग्नु परेकोमा र पुलिसले *Brooklyn Center, Minnesota* मा Daunte Wright को र *Chicago* मा १३ वर्षीय Adam Toledo को घातक गोलीबारी जस्ता नयाँ चोटपटकहरूले बितेको वर्षको बोझ झनै बढाएको छ। *COVID-19* विश्वव्यापी महामारीको असमान असर बेग्लै वर्णको समुदायहरूमा परेको र हालसालैका एशियाली-विरोधी घृणाका उदाहरणहरू जसले हाम्रा एशियाली, प्रशान्त टापु र देसी अमेरिकि समुदायलाई चिन्तित बनाउने जस्ता बेग्लै वर्णका व्यक्तिहरूमा घृणाका अपराधहरू बढेकोले यी आक्रमणहरूको असर बढेको छ।

मलाई थाहा छ कि यी विषयहरूमा कुनै पनि सन्देश सँधै सजिलै खाली शब्दहरूको रूपमा खारेज हुन्छन्। त्यहिपनि मलाई लाग्दछ कि यी समस्याहरूलाई सम्बोधन गरेर जातिय भेदभाव जहाँ देखिएपनि सामना गर्नु महत्त्वपूर्ण छ। यस संस्थाको अगुवाको रूपमा, मेरो ध्यान मैले नियन्त्रण गर्ने क्षेत्रहरूमा बदल लिएर आउन केन्द्रित हुनुपर्दछ र अरूलाई पनि यसो गर्ने प्रोत्साहन र अपेक्षा गर्नुपर्दछ।

सन् २००० को शुरूवातमा मैले श्रम बजार र आवास जस्ता विभिन्न क्षेत्रमा भेदभावलाई राम्रोसँग कसरी नाप्ने भन्ने कुरामा केन्द्रित राष्ट्रिय विज्ञान प्रतिष्ठानको (*National Academy of Sciences*) प्यानलको नेतृत्व गरेको थिएँ। नतिजाको रूपमा, मैले आपराधिक न्याय प्रणाली, म पहिले परिचित नभएको एक शैक्षिक क्षेत्रमा, भेदभावका केही अनुसन्धानहरू पढेँ। मैले अन्य क्षेत्रहरूमा जानेको साहित्यहरूसँग तुलना गर्दा यो अचम्मको कुरा थियो – यसले जातिय असमानता देखाएर हैन कि, जुन मैले अपेक्षा गरेको थिएँ, तर किनभने जातिय मतभेदको व्यापकता र कारकत्वको अकाट्य प्रमाण मैले अन्य क्षेत्रमा देखेको भन्दा एकदम धेरै थियो। यस बितेको बर्षमा, हामी सबैले यी अन्यायहरूको धेरै उदाहरणहरू देखेका छौं। विस्कन्सिन भित्र र बाहिर कालो, आदिवासी र र बेग्लै वर्णका समुदायहरूको लागि परिवर्तन सिर्जना गर्न धेरै कामहरू बाँकी छन्।

यदि हामीले जातियता र अन्याय विरूद्ध लड्न उस्तै प्रतिबद्धता ल्याउन सक्यौं भने, जुन हामीले *COVID-19* विरूद्धको लडाईमा ल्याएका थियौं, हामीले वास्तविक प्रगति गर्न सक्दछौं। क्याम्पस भरी यी विषयमा अझ बढी सिक्न, क्याम्पसमा समस्याहरू पहिचान गर्न, र शिक्षा, अनुसन्धान र आउटरीच मार्फत *UW* र व्यापक समुदायमा हुने कुरालाई सुधार गर्न धेरै विद्यार्थी, संकाय र कर्मचारीहरूले गाह्रो र आवश्यक काम गर्दै छन्। म केही प्रयासहरूमा प्रकाश पार्न चाहन्छु जुन यस क्षणको लागि विशेष रूपमा उपयुक्त छ र साथसाथै क्याम्पस भरीको पहल र संसाधनहरू साझा गर्न चाहन्छु:

- *Frank J. Remington Center* – कानूनी विद्यालयको एउटा भाग, यस केन्द्रको सेवा प्रति दृढ प्रतिबद्धता छ, मोटामोटी रूपमा कम आय भएका नागरिकहरू, कैदमा परेका व्यक्तिहरू, सुधारात्मक एजेन्सीहरू, सार्वजनिक रक्षक प्रणाली, अभियोजकहरूको कार्यालय, पीडित, नीति निर्माता र व्यापक समुदायमा परिभाषित गरिएको छ।

• *Social Justice Hub* मा [आपराधिक न्याय सुधार टोली] – [*Office of Inclusion Education*] को भाग, यस विद्यार्थीको नेतृत्वमा रहेको टोलीले गलत रूपमा दोषी ठहरिने जस्ता विषयहरूको अनुसन्धान गर्दछ र कानूनका बेग्लै वर्णका व्यक्तिहरू र फेरि अपराध गर्ने कार्यलाई (*recidivism*) कम गर्न काम गरिरहेका स्थानीय सङ्गठनहरूसँग मिलेर काम गर्दछ। टोलीले समाचारपत्र, (*podcast*) र कार्यक्रमहरूको आयोजना गर्दछ।

• [*UWPD Equity Initiative*] – हाम्रो देशले पुलिसको कार्यमा सुधार गर्ने बारेमा बहस गर्ने क्रममा, *UWPD* ले सन् २०२० सालमा असमानता र पूर्वाग्रहलाई सीधै सम्बोधन गर्ने र पारदर्शी अभ्यासहरू साझा गर्ने पहल शुरू गऱ्यो।

• [*Understanding and Reducing Inequalities Initiative*] – अनुसन्धान र *Graduate* शिक्षाका उपकुलपतिले भर्खरै मात्र संयुक्त राज्यमा जातीय असमानता कम गर्न कार्यवाही योग्य ज्ञान उत्पन्न गर्न १५ वटा अनुसन्धान परियोजनाहरुको कोषको घोषणा गरेका छन्।

आउँदो दिनमा *Derek Chauvin* को कानुनी सोधपुछको फैसलाको लागि तयारी गर्ने क्रममा मैले बुझेको छु कि केही व्यक्तिहरू भेला भएर प्रतिक्रियाको रूपमा आवाज उठाउन चाहन सक्नेछन्। स्वतन्त्र अभिव्यक्ति र शान्तिमय सम्मेलनको अधिकार हाम्रो राष्ट्र र यस विश्वविद्यालयको जग हुन्। यदि तपाईं भाग लिने छनौट गर्नुहुन्छ वा यदि तपाईं आफैँलाई जमघट वरीपरी पाउनुभयो भने, कृपया आफ्नो र अरूको सुरक्षाको लागि सावधान रहनुहोला किनकि परिस्थितिहरू कहिलेकाँही तीव्र रूपमा बदल्न सक्दछन्।

हामी हाम्रो विद्यार्थी, कर्मचारी र संकायको गत वर्षको सञ्चीत प्रतिकूल मानसिक स्वास्थ्यको बारेमा साह्रै नै चिन्तित छौं। पछिल्ला सन्देशहरूले जोड दिए जस्तै हामीसँग यस क्याम्पसमा मानसिक स्वास्थ्य सहयोगको लागि संसाधन र ठाउँहरू छन्। यो तपाईं धेरैलाई थाहा हुन सक्दछ तर मलाई थाहा छ कि सहयोग खोज्न हिचकिचाउँने विद्यार्थीहरू र सहयोगीहरू छन्। *University Health Services* ले *BIPOC* विद्यार्थीहरूलाई ध्यानमा राखेर जातिय भेदभावबाट विभिन्न रूपहरूमा आउने थप तनावलाई सम्बोधन गर्न मानसिक स्वास्थ्य प्रदायकहरूलाई रोजगार दिने कुरा प्राथमिकतामा राखेको छ। हामी मान्यता दिन्छौं कि हामीले हाम्रो क्याम्पसमा हाम्रा सबै विद्यार्थीहरू, कर्मचारीहरू, र आगन्तुकहरूलाई सुरक्षित र स्वागत भएको अनुभव सुनिश्चित गर्न हामीले अझै बढी गर्नुपर्दछ।

आउने दिनहरू जेसुकै ल्याएपनि, हामीले कसरी क्याम्पसलाई अगाडि बढाउन सक्दछौँ भन्ने कुरामा तपाईँसँग अझ बढी संलग्न हुन म प्रतिबद्ध छु। जसरी हामी वसन्त ऋतुलाई स्वागत गर्दछौं, विभिन्न धर्मका धेरै व्यक्तिहरूले वर्तमानलाई आकार दिने साझा विषयवस्तु समेटेका ऐतिहासिक घटनाहरूलाई झल्काउने धार्मिक चाडपर्वहरू मनाइरहेका छन्। यस क्षणमा, यस देशमा जातिको इतिहासले हामी को र के हौँ कसरी बनाएको छ भन्ने कुराको – दुवै व्यक्तिगत र संस्थागत रूपमा – नवीकरण गर्न र सोच्ने समय लिनको लागि र आफैँले परिवर्तन प्र ति काम गर्न प्रतिबद्ध हुन म हामी सबैलाई प्रोत्साहन गर्दछु।